REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 16.05.2025

---

## State Day

सिक्किमले आज राज्य स्थापनाको पचासौं वर्ष गाँठ धूमधामले मनायो । सोह्र मई उन्नाइस सय पचहत्तर सालमा सिक्किम बाइसौं राज्यको रूपमा भारतीय संघमा विलय भएको थियो ।

राज्य गठनको स्वर्णजयन्तीको अवसरमा आज विभिन्न ठाउँमा विविध कार्यक्रमहरू आयोजित भए । मुख्य समारोह राजधानी गान्तोक स्थित पाल्जोर स्टेडियम र मनन केन्द्रमा आयोजित भए । दिनभरिनै आयोजना गरिएको कार्यक्रमको शुभारम्भ बिहान तिरङ्गा यात्राबाट भयो । सत्तारूढ सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीले यसको आयोजना गरेको थियो ।

आतंकवाद विरूध्द भारतीय सेनाको सफल अभियान अपरेशन सिन्दूरलाई लिएर वीर सैनिकहरूको सम्मानमा निकालिएको ऱ्यालीको अगुवाई पार्टी अध्यक्ष तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले गर्नुभयो ।

गान्तोकको एम जी मार्गवाट शुरू भएको यात्रा पाल्जोर स्टेडियममा पुगेर समाप्त भयो ।

मन्त्रीगण विधायक वर्ग सँगै हजारौको संख्यामा सिक्किमवासीहरू आ आफ्ना जातीय पोशाक पहिरिएर हातमा राष्ट्रि झण्डा बोकी यात्रामा सहभागी बने ।

त्यसपछि पाल्जोर स्टेडियममा आयोजित कार्यक्रम राज्यपाल ओम प्रकाश माथुर मुख्य अतिथि र मुख्यमन्त्री श्री तामाङ विशिष्ट अतिथिको रूपमा उपस्थित हुनुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै राज्यपालले राज्य स्थापनाको स्वर्णजयन्तीको ऐतिहासिक क्षमको साक्षी बन्न पाएकोमा प्रसन्नता ब्यक्त गर्नुभयो ।

प्रजातन्त्रको अर्धशतकीय यात्रामा सिक्किमलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउने केही प्रमुख व्यक्तिहरूको नाउँ उल्लेख गर्दै उहाँले भन्नुभयो आउँगो पीढीलाई विरासतमा सुदृढ आधारभूत ढाँचा र विकसित समाज दिनु सबैको कर्तव्य हो ।

श्री माथुरले भन्नुभयो वर्तमान केन्द्र सरकारले सिक्किम लगायत पूर्वोत्तर राज्यहरूको विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेछ ।

आफ्नो वक्तव्यमा मुख्यमन्त्रीले भन्नुभयो भारतको सङ्घीय गणराज्यमा सिक्किमको छुट्टै महत्व र इतिहास छ अनि सिक्किमको सामाजिक र सांस्कृतिक विशेषता र एकताले गौरवशाली देश भारतको शिर उच्चराख्ने काम गरेको छ ।

भारतीय संघमा विलयपछि सिक्किममा सबै क्षेत्रमा विकास भइरहेको उल्लेख गर्दै श्री तामाङले भन्नुभयो अबको लक्ष्य सुनौलो, समृध्द र समर्थ सिक्किम निर्माणका लागि सबै मिलेर अघि बढ्नुपर्छ ।

समारोहमा विभिन्न विभागद्वारा तयार पारिएका पुस्तकहरू र मोबाइल एपको लोकार्पण पनि गरियो । लगभग एघार सय विद्यार्थीहरूको नृत्य प्रस्तुति कार्यक्रमको मुख्य आकर्षण थियो ।

मनन केन्द्रमा आयोजित उत्तरार्धको कार्यक्रममा विभिन्न क्षेत्रमा उल्लेखनीय उपलब्धी हासिल गर्ने व्यक्तिहरूलाई अभिनन्दन गरियो ।

तोस्रो चरणको कार्यक्रम अहिले गान्तोकको पाल्जोर स्टेडियममा आयोजन भइरहेछ ।

साङ्गीतिक कार्यक्रम, सिक्किम प्रीमियर लीग फुटबलको फाइनल खेला र ड्रोन प्रदर्शनी यसका आकर्षण रहनेछन् ।

---

President PM State Day

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किमवासीहरूलाई राज्य दिवसको शुभकामना दिनुभएको छ ।

सोशव मीडिया पोस्टमा राष्ट्रपति मुर्मुले भन्नुभएको छ सिक्किम आफ्नो असीम प्राकृतिक सुन्दरता समृध्द सांस्कृतिक विरासत र मानिसहरूको आतिद्यव लागि ब्यापक रूपले प्रशंसित छ।

राष्ट्रपतिले भन्नुभएको छ- राज्यले भारतको सर्वाधिक पर्यावरणप्रति जागरूक राज्यहरूको रूपमा प्रकृतिसित सामञ्जस्यपूर्ण सह अस्तित्वलाई प्रदर्शित गर्दै सतत विकासको उल्लेखनीय उदाहरण स्थापित गरेको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभेको छ सिक्किम शान्त, सुन्दर, समृध्द सांस्कृतिक परम्परा र परिश्रमी मानिसहरूसित जोडिएको छ ।

सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभएको छ- राज्यले विविध क्षेत्रमा प्रगति गरेको छ। सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठ भएको हुनाले यस अवसरलाई महत्वपूर्ण बताउँदै उहाँले राज्यका मानिसहरूको समृध्दिको कामना गर्नुभएको छ।

---

## Governor

राज्यपाल श्री ओमप्रकाश माथुरले आज राजभवनमा नवनिर्मित सम्मेलन कक्ष तथा सभागारको विधिवत उद्घाटन गर्नुभयो।

उहाँले यो नयाँ पहललाई राजभवनको विकासको दिशामा एउटा महत्वपूर्ण पाइला बताउनुभयो।

---

## Tiranga Yatra States

पहलगाम आतंकी हमलाको जवावमा अपरेशन सिन्दूरको सफलता पछि सशस्त्र बलहरूको साहन र बलिदानको सम्मान गर्ने एउटा महत्वपूर्ण राष्ट्रव्यापी प्रयासमा देशका विभिन्न भागहरूमा तिरंगा यात्राहरू आयोजित भइरहेछन्।

आज दक्षिण त्रिपुराको जिल्ला मुख्यालय बेलोनिया र केरालाको कोच्चीमा तिरंगा यात्रा आयोजन गरियो।

---

## Weather

राज्यमा विगत केही दिनदेखि पानी परेकाले तापमानमा कमी आएको हुँदा जाड़ो बड़ेको छ।

मौसम विज्ञान विभागको रिपोर्ट अनुसार गान्तोक र वरपर क्षेत्रमा वितेका चौबिस घण्टामा न्यूनतम तापमान पन्ध्र दशमलउ पाँच डिग्री सेल्सियस र रेकार्ड गरियो भने चालिस दशमलउ दुई मिलिमिटर पानी परयो।

विभागले भोलि अत्यधिक वर्षा हुने चेताउनी दिएको छ।

---